३२४

राष्ट्रिय सूचना आयोग
प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

आदेश

मु.नं. २९३/२०७२/०७३

निर्णय नं.११

काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं २१ बस्ने वर्ष ३० को सागर जोशी ......१ पुनरावेदक

विरूद्ध

कार्यालय प्रमुख, इन्सटिच्युड अफ मेडिसिन (IOM), महाराजगन्ज, काठमाडौं ....................१ विपक्षी
सूचना अधिकारी, इन्सटिच्युड अफ मेडिसिन (IOM), महाराजगन्ज, काठमाडौं ....................१

विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनु ।

काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं २१ बस्ने वर्ष ३० को सागर जोशीले इन्सटिच्युड अफ मेडिसिन (IOM), महाराजगन्ज, काठमाडौं समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०४।१८ मा पुनरावेदन गरेको ।

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ३(१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३(२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३(३) ले केही सूचना प्रवाह गर्न रोक लगाएको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ३(३) ले रोक लगाएको सूचना भित्र पर्ने देखिदैन ।

अत: पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी इन्सटिच्युड अफ मेडिसिन (IOM), महाराजगन्ज, काठमाडौंका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू ।। यसको जानकारी पुनरावेदकलाई दिनू ।

तपसिल

१. यस निकाय अन्तर्गत रहेर विभिन्न परीक्षाहरुमा संलग्न रहेका विद्यार्थीहरुले परीक्षामा सामेल भएको आफ्नो नामको उत्तरपुस्तिका हेर्ने प्रावधान त्रिभुवन विश्वविद्यालयले उत्तरपुस्तिका हेर्न सम्बन्धी गरेको निर्णय अन्तर्गतको रहेर हेर्न पाउने नपाउने के प्रावधान छ सो प्रावधानको प्रमाणित प्रतिलिपि ।